# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, ज्येष्ठ २५ गते २०३० साल [अतिरिक्ताङ्क १३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजबाट २०२९।११।१ मा गठन गरिबक्सेको महाकाली अञ्चल कञ्चनपुर जिल्लाको तीन सदस्यीय विशेष दौडाहा टोलीले, कञ्चनपुर जिल्लाको हाल आवादी र बसोबासका निमित्त जग्गा वितरण गर्दा तथा सोही जिल्लाको महेन्द्र-नगरको निर्माणलाई भनी प्राप्त गरिएको जग्गा र केही सरकारी पर्ति जग्गाहरू समेत सो नगर निर्माणलाई भनी वितरण गर्दा विभिन्न निहुंका आडमा अनियमित र धाँधली भयो भन्ने सम्बन्धमा, बास्तविक तथ्यको जांचबूझ र तोकिएको कारबाई गरी आवश्यक उपयुक्त कारवाईका निमित्त आफ्नो ठहर प्रतिवेदन समेत पेश गरेको आधारमा मौसूफबाट, सस्पेण्डमा रहेका अञ्चलाधीश, श्री टेक-बहादुर रायमाझीलाई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य नठहरिने गरी सरकारी सेवाबाट बर्खास्त गरिबक्सेको छ ।

हुकुमबक्सेबमोजिम,
मि.सु. ईश्वरीमान श्रेष्ठ
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 60